# लोकसेवा आयोग

## मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँबानेश्वर

## सिलवन्दी दरभाउपत्रआव्हान सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशितमिति : २०७४/०७/१६)*

यस निर्देशनालयलाई आ.व. ०७४/०७५ मा आवश्यक पर्ने कार्यालय सामान तथा मसलन्द सामान र उत्तरपुस्तिका छपाई गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| दरभाउपत्र नं. | खरिद विवरण | दरभाउपत्रफाराम खरिद गर्ने अन्तिममिति | दरभाउपत्रदर्ता गर्ने अन्तिममिति | दरभाउपत्रखोल्ने मिति, समय र स्थान | दरभाउपत्रजमा नतवापत राख्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| ०१–०७४/७५ | कार्यालय सामान तथा मसलन्द सामान खरिद | २०७४।७।३० गते कार्यालय समय भित्र । | २०७४।८।१ गते दिनको १२:०० बजे भित्र | २०७४।८।१ गते दिनको २:०० बजे यस निर्देशनालयको कार्यालय | रु. ५९,५००।- |
| ०२–०७४/७५ | उत्तरपुस्तिका छपाई तथा खरिद | २०७४।७।३० गते कार्यालय समय भित्र । | २०७४।८।१ गते दिनको १२:०० बजे भित्र | २०७४।८।१ गते दिनको ३:०० बजे यस निर्देशनालयको कार्यालय | रु. ३५,०००।- |

१. उपरोक्त सिलबन्दी दरभाउपत्रमा सहभागी हुन इच्छुक, फर्म, उद्योग, कम्पनी, संस्थाले चालु आ.व. को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखादर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७३/०७४ को कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन साथ (प्रत्येक प्याकेजको लागि) रु. १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस निर्देशनालयको जिन्सी फाँटबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र यस निर्देशनालयका`जिन्सी फाँटमा नै पेश गर्नुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्दा माथि उल्लेखित रकम बराबरको कम्तीमा ७५ (पचहत्तर दिन मान्य अवधि भएको सिलबन्दी दरभाउपत्र जमानत (विडवण्ड) वापत बैंक ग्यारेन्टी वा नगदै धरौटी जम्मा गर्न चाहने सिलबन्दी दरभाउपत्रदाताले उल्लेखित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै बैंक भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ ।

**धरौटी रकम नगद जम्मा गर्ने खाता सम्बन्धी विवरण**

बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय ठमेल ।

कोष तथा लेखा नियन्त्रक कार्यालय भुक्तानी केन्द्र नं. ३, लाजिम्पाट

कार्यालय कोड नं.: २७-२१०-०२

बैंक खाता नं. ००२०३००००००

३. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

४. सिलबन्दी दरभाउपत्र फाराम माथि उल्लेखित मिति र समयमा उपस्थित सिलबन्दी दरभाउपत्रदाताहरु वा अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा (सिलबन्दी दरभाउपत्रदाता/प्रतिनिधि उपस्थित नभए पनि) यस निर्देशनालयको कार्यालयमा खोलिनेछ ।

५. सिलबन्दी दरभाउपत्र फाराममा अंक र अक्षर दुवै माउल्लेख गर्नु पर्नेछ ।

६. रीत नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा निहित हुनेछ ।

८. यस सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

९. सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np हेर्न तथा यस क्षेत्रीयनिर्देशनालयको जिन्सी फाँट वा फोन नं. ०१-४११५८३१ मा सम्पर्क राख्न सकिनेछ ।